राइनास नगरपालिका

# राइनास राजपत्र

खण्डः २ संख्याः १ मितिः २०७५/०३/३१

## भाग-१

## राइनास नगरपालिका

**राइनास नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको**

**ऐन - २०७५**

प्रस्तावनाः राइनास नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम राइनास नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “राइनास नगरपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका

निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४०८९९२८६०ः (अक्षेरुपी चालिस करोड उनान्नब्बे लाख बयानब्बे हजार आठसय साठी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गेरको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

आज्ञाले,
देव बहादुर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

राइनास नगरपालिका
अनुसूचि १
व्याय विवरण

| सि.न. | संकेत नं= | खर्चका शीर्षकहरू | आ.व.७३/०७४ को यथार्थ | आ.व.७४/०७५ को संशोधित अनूमान | आ.व.७५/०७६ को प्रस्तावित अनूमान |
|---|---|---|---|---|---|
| १ | १ | **सन्चालन खर्च (चालू)** | | | |
| | १.१ | नगर कार्यपालिका -वडा कार्यालय समेत) | ३९०४५९२।०० | २९,८५०,०००।०० | ४७,११४,०००।०० |
| | | **जम्मा** | **३९०४५९२।००** | **२९,८५०,०००।००** | **४७,११४,०००।००** |
| २ | २ | **सशर्त चालू खर्च** | | | |
| | २.१ | विषयगत कार्यालय | ०।०० | १३२,१२९,०००।०० | १९४,८००,०००।०० |
| | २.२ | सामाजिक सुरक्षा भत्ता | ४२,३०१,०००।०० | ४३,७५२,०००।०० | ५०,०००,०००।०० |
| | | **जम्मा** | **४२३०१०००।००** | **१७५,८८१,०००** | **२४४,८००,०००।००** |
| ३ | ३ | **पुजिंगत खर्च -सशर्त)** | | | |
| | ३.१ | कार्यपालिका तथा वडा कार्यालय भवन निर्माण | ०।०० | ( | २०,०००,०००।०० |
| | | **जम्मा** | **०।००** | ( | **२०,०००,०००।००** |
| ४ | ४ | **पुजिंगत खर्च -निशर्त) (बिषयगत)** | | | |
| | ४.१ | आर्थिक विकास | ३३८७९९०७।०० | १४,०५०,०००।०० | १२,५००,०००।०० |
| | ४.२ | समाजिक विकास | | ३१,८७८,०००।०० | १८,०२६,८६०।०० |
| | ४.३ | पूर्वाधार विकास | | ६८,८४७,०००।०० | ५५,५५२,०००।०० |
| | ४.४ | बातावरण तथा विपद व्यवस्थापन | | ६,९००,०००।०० | ५,०००,०००।०० |
| | ४.५ | सूशासन तथा संस्थागत विकास | | ६,७५०,०००।०० | ६,०००,०००।०० |
| | | **जम्मा** | **३३८७९९०७।००** | **१२८,४२५,०००** | **९७,०७८,८६०।००** |
| | | **कुल जम्मा खर्च** | **८००८५४९९।००** | **३३४,१५६,०००।००** | **४०८,९९२,८६०।००** |